# मण्डनदेउपुर नगरपालिका
MANDANDEUPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
महादेवस्थान, काभ्रेपलाञ्चोक
Mahadevsthan, Kavrepalanchok
बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal


पत्र संख्या: २०८२/०८३
च.नं.

मिति: २०८३/०१/११

## प्रस्ताव आह्वान सम्बन्धी सूचना ।
**(प्रथम पटक प्रकाशितमिति २०८३/०१/११)**

मण्डनदेउपुर नगरपालिकाको आ.व. २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार ५० प्रतिशत लागत साझेदारीमा गोठ सुधार कार्यक्रममा सहभागी हुन इच्छुक यस नगरपालिका कार्यालयमा सुचिकृत तथा नविकरण भएका व्यावसायिक कृषि तथा पशुपन्छी फर्महरुले आवश्यक कागजात सहित यो सुचना प्रकाशित भएको मितिले १५ औ दिन अर्थात (२०८३/०१/२५ गते सम्म) कार्यालय समय भित्र यस मण्डनदेउपुर नगरपालिकाको पशुपन्छी विकास शाखामा तोकिएको ढाँचा अनुसार आवेदन दर्ता गर्नुहुन सम्वन्धित सवैमा जानकारी गराइन्छ । साथै थप जानकारीको लागि सम्वन्धित वडा कार्यालय वा मण्डनदेपुर नगरपालिकाको पशुपन्छी विकास शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

तपशिल

| क्र. स. | सञ्चालन हुने कार्यक्रम | लक्षित लाभग्राही संख्या | कार्यक्रम सञ्चालन हुने क्षेत्र | कार्यक्रम सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम तथा भुक्तानी प्रक्रिया | कार्यविधि |
|---|---|---|---|---|---|---|
| १ | ५० प्रतिशत लागत साझेदारीमा गोठ सुधार कार्यक्रम | व्यावसायिक कृषि तथा पशुपन्छी फर्म (२०) | मण्डनदेउपुर नगरपालिका | गोठ सुधार तथा विस्तार, टनट्नो तथा पिसाब बग्ने नाली व्यवस्थापन | कुल लागत अनुमानको बढिमा ५० प्रतिशत अनुदान रकम उपलब्ध गराइने | पशु सेवा शाखाबाट सञ्चालन गरिने कार्यक्रमको मापदण्ड, २०८२ |

**आवश्यक कागजात तथा शर्तहरु:**

१. आवेदन फाराम, स्वघोषण र प्रतिबद्धता पत्र ।
२.नगरपालिका कार्यालयमा सुचिकृत तथा नविकरण भएको कृषि तथा पशुपन्छी फर्महरुको प्रमाणपत्रको प्रतिलिपी ।
३.कार्यक्रम सन्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौतानामा ।
४. स्थायी लेखा नं (PAN) प्रमाण पत्रको प्रतिलिपी र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी ।
५. कार्यक्रममा सहभागी हुन चाहाने कृषि तथा पशुपालन फर्ममा न्युनतम ५ वटा माउ पशु पालन गरेको हुनुपर्नेछ ।
६. प्रस्तावक फर्म मध्ये जुनमा महिला, दलित तथा विपन्न वर्ग छन् ति फर्मलाई प्राथमिकता प्रदान गरिने छ ।
७. यस अघि कुनैपनि निकायबाट कुनै किसिमको अनुदान प्राप्त नगरेको कृषि तथा पशुपालन फर्महरुले मात्र कार्यक्रममा सहभागिताका लागि आवेदन दिन सक्नेछन् ।
८. सम्वन्धीत वडा कार्यालयको सिफारिस पत्र ।

प्रमुख प्रशासकीय अधिकृत


फोन नं.: ०११-४१२११४
Web Site: mandandeupurmun.gov.np, E-mail: mandandeupurmu@gmail.com

मिति .........................

श्रीमान कर्यालय प्रमुख ज्यू,
मण्डनदेउपुर नगरपालिकाको कर्यालय
महादेवस्थान, काभ्रे

विषयः प्रस्ताव पेश गरेको सम्बन्धमा।

महोमय,

प्रस्तुत विषयमा त्यस कार्यालयको मिति ......................... गते प्रकाशित सूचना अनुसार निम्न कार्यक्रमबाट मेरो/हाम्रो पशुपालन व्यवसायलाई टेवा पुग्ने भएकोले ५० प्रतिशत लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्न इच्छुक भइ अनुदान माग पेश गर्दछु/गर्दछौं।

कर्यक्रमको नामः .................................................
माग गरेको कार्यक्रमः .......................... ........................ ......................... ....................

आवश्यक कागजातहरुः

१. समबन्धित कार्यविधि बमोजिमको प्रस्ताव आवेदन र वडा कार्यालयको सिफारिस पत्र।

२. कृषक समुह/कृषि तथा पशुपालन फर्मको हकमा नगरपालिका कार्यालयमा सूचिकृत तथा नविकरण भएको संस्था वा फर्मको प्रमाणपत्रको प्रतिलिपी र व्यक्तीको हकमा नागरिकता प्रमाण पत्रको प्रतिलिपी।

३. स्थाई लेखा नंम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपी र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी।

४. कार्यक्रम सञ्चालन हुने स्थान जग्गा जमिनको स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौतानामा।

५. गत आ.व. मा कुनै पनि निकायबाट सोहि प्रकृतिको अनुदान नलिएको स्व घोषणा पत्र।

६. व्यवसायीक योजना र कम्तीमा २ वर्ष सम्म व्यवसाय निरन्तरताको प्रतिबद्धता पत्र।

आवेदकः
हस्ताक्षरः
नाम थरः
संस्थाको नामः
ठेगानाः
मितिः
सम्पर्क नंम्बरः

संस्थाको छापः

अनुसूची – ६

(दफा १० को उपदफा (१) सँग सम्बन्धित)

**स्व– घोषणा पत्र**

श्रीमान कर्यालय प्रमुख ज्यू,
मण्डनदेउपुर नगरपालिकाको कर्यालय
महादेवस्थान, काभ्रे

मिति ..........................

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति ................................. का दिन ............. .........................................कार्यक्रमका लागि प्रकाशित सूचना अनुसार ..................... जिल्ला ......................................................पालिका स्थित श्री ...................................................... कृषक/समुह/सहकारी/फर्म/कम्पनीले गत आर्थिक वर्ष ....................... मा कृषि तथा पशुपन्छी विकास म[illegible]लय र मातहतका निर्लेशनालय/कार्यालय, स्थानिय तह, संघीय सरकारबाट सञ्चालित परियोजनाबाट कृषि क्षेत्रको विकास सँग सम्बन्धित कार्यक्रम/क्रियाकलापको लागि अनुदान प्राप्त नगरेको व्यहोरा स्व– घोषणा गर्दछु/छौं। चालु आर्थिक वर्ष ......................... मा सम्झौता अघि वा सम्झौता पश्चात अन्य निकायबाट सो कार्यक्रम/क्रियाकलापको लागि दोहोरो अनुदान लिएको पाइएमा सम्झौता रद्द गरी प्रचलित कानुन बमोजिम कारवाही/सजायको भागेदार हुन मन्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछु/गर्दछौं।

आवेदक:
हस्ताक्षर:
नाम थर:
संस्थाको नाम:
ठेगाना:
मिति:
सम्पर्क नंम्बर:
संस्थाको छाप: